बैठक संख्या: १०

आज मिति २०८२ साल चैत्र ११ गते बिहान ११:०० बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | सुमित्रा | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | रिता | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | बुद्धराम | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री पुष्कर काफ्ले, वरिष्ठ प्रशासकीय अधिकृत | |
| २९. | | श्री विष्णुलाल पुरी, वरिष्ठ लेखा अधिकृत | |
| ३०. | | श्री कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौ | |

प्रस्तावहरु

१. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी जग्गा सम्वन्धमा ।
२. बजेट अनुमोदन तथा बाँडफाँड सम्बन्धमा ।
३. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
४. स्मार्ट वोर्डको लागत अनुमान स्वीकृत सम्बन्धमा ।
५. विविध ।
    क) वोरिङ्ग स्थानान्तरण सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरि देहाय वमोजिमको निर्णय गरियो ।

निर्णय नं. १

- जिल्ला भूमि समस्या समाधान आयोग, जिल्ला समिति नवलपरासी (ब.सु.प.) को सूचना वमोजिम बर्दघाट नगरपालिका वडा नं ६ को कदमटोल २३ कित्ता, वडा नं ४ को लक्ष्मिनगर अन्तरगतका २१ वटा कित्ता र बाढीपिडितको १६ कित्ता रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुले जग्गा पाउन आयोगले तोके वमोजिमको ढाँचामा निवेदन फारमभरी नापजाँच भई अभिलेख कायम भएका तथा नापी टोली नं १ बाट विभिन्न मिति सयममा सार्वजनिक सूचनामार्फत हकदावीको सूचना प्रकाशन गरिएका यस अघि बर्दघाट नगरपालिकाबाट सिफारिस भएका यसै साथ संलग्न व्यक्तिहरुको जग्गा प्राप्तिका लागि भूमि समस्या समाधान आयोग, जिल्ला समिति नवलपरासी (ब.सु.प.) मा सिफारिस गर्ने ।
- जग्गा नापजाँच गर्ने मेशीन र आवश्यकता अनुसार भाडामा लिने र प्राविधिक कर्मचारी ज्यालादारीमा काममा लगाउने ।

निर्णय नं. २

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **शहीद स्मृति सामुदायिक अस्पतालको डायलोसिसमा स्वास्थ्य विशेषज्ञ सेवा, थप सेवा विस्तार र पूर्वाधार चिकित्सकीय कार्यक्रम वडा** नं १४ शीर्षकमा (ब.सि.नं १०१) मा छुट्टाईएको बजेट रु ४०,००,०००/- (रुपैया चालिस लाख मात्र) रकम मध्येबाट चिसापानी अस्पतालको सिफारिसमा डायलासिस सञ्चालन गर्न अनलाइन यु.पि.एस. मेशीन खरिद गरी हस्तान्तरण गर्ने ।

ख) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **सामुदायिक सेवा केद्रसँग अपाङ्गमैत्री साझेदारी कार्यक्रम** तथा क्षमता विकास तथा **जिविकोपार्जन सम्बन्धी तालिम प्रविधि हस्तान्तरण कार्यक्रम सामुदायिक अपाङ्गता केन्द्र नेपाल र्दघाट ४,** शीर्षकमा (ब.सि.नं ९०१) मा छुट्टाईएको बजेट रु ६,००,०००/- (रुपैया छ लाख मात्र) रकमलाई सोही क्षेत्रमा कार्य गर्न देहाय वमोजिम रकम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | सामुदायिक अपाङ्ग सेवा केन्द्र बर्दघाट | ४ | १,५०,०००.० | साझेदारी कार्यक्रम | |

ग) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **खोला घोला सरसफाई (वनदेवी घोल, लण्डन ब्रिज दक्षिण ११, विषयघोला वडा नं. ६, चिसापानी २ र ४ को सिमाना, सरावल पञ्चनगर घोल वडा नं. १३ को कुलो)**, शीर्षकमा (ब.सि.नं २३६) मा छुट्टाईएको बजेट रु १५,००,०००/- (रुपैया पन्ध्र लाख मात्र) रकमलाई सोही क्षेत्रमा कार्य गर्न देहाय बमोजिम रकम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | लण्डन ब्रिज अलावली खोला सफाई वडा नं ११ र २ को सिमाना | ११ र २ | ३,००,०००.० | खोला घोला सफाई | |
| २ | वडा नं ४ शिवनगर र लक्ष्मीनगरकव बीचमा पर्ने विषयघोला | ४ | १,५०,०००.० | खोला घोला सफाई | |
| ६ | विषयघोला सफाई वडा नं ६ | ६ | ५,५०,०००.० | खोला घोला सफाई | |

निर्णय नं. ३

- बर्दघाट नगरपालिका अन्तर्गत रहेको माकर स्वास्थ्य चौकी र जहदा स्वास्थ्य चौकीबाट प्रदानहुँदै आएको बर्थिङ्ग सेन्टर सेवा बन्द भएपश्चात फाजिलमा रहेका कर्मचारीहरु मध्ये एक जना अ.न.मी.लाई चिसापानी अस्पताल र एक जना अ.न.मी. विद्यालय नर्सको रुपमा कामकाजमा खटाउने साथै कार्यालय सहयोगीहरु मध्ये एक जनालाई ४ नं वडा कार्यालय र एक जनालाई नगर कार्यपालिका कार्यालयमा कामकाजमा खटाउने ।

निर्णय नं. ४

- चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **सामुदायिक विद्यालयमा सूचना प्रविधि मैत्री शिक्षण सिकाइ कृयाकलाप सञ्चालन तथा कक्षा कोठा व्यवस्थापन** शीर्षकमा (ब.सि.नं १०१) मा छुट्टाईएको बजेट रु १,६४,०००,०००/- (रुपैया रुपैया एक करोड चौसठ्ठि लाख मात्र) रकमबाट उपकरण खरिद गर्न तयार भएको लागत अनुमान स्वीकृत गरी विद्युतिय बोलपत्रमार्फत खरिद प्रकृया अगाडी बढाउने ।

निर्णय नं ५ विविध

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **कुञ्जन डिप टयूववेल वडा नं.- १४ (सिंचाई पाइप लाइन विस्तार तथा मर्मत)** शीर्षकमा (ब.सि.नं ८२८) मा छुट्टाईएको बजेट रु ३,००,०००/- (रुपैया तीन लाख मात्र) रकमबाट कार्यान्वयन गर्न भनि सम्झौता भएकोमा सो स्थानमा विशेष कारण र प्राविधिक कारणवस कार्यान्वयन हुने अवस्था नदेखिएकोले प्राविधिकले तोकेको नजिकै स्थानमा जडान गर्ने ।